# प्रेस वक्तव्य

## गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद नर्वेको प्रथम साधारण सभा सम्पन्न

मई १८, २००८, (जेष्ठ ५, २०६५) नर्वेको राजधानी ओस्लोमा गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद नर्वेको प्रथम साधारण सभा सम्पन्न भयो । उक्त अवसरमा नर्वेको विभिन्न शहरमा रहेका नेपालीहरुको उल्लेखनीय सहभागिता रहेको थियो भने गैर आवासीय नेपाली संघ युरोपको संयोजक चिरन्जीवि ढकालको विषेश उपस्थिति थियो । आयोजित कार्यक्रममा तदर्थ समितिका अध्यक्ष कुमार पण्डितको स्वागत मन्तब्य पश्चात् ५ जना वक्ताहरुले कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रहरु विशेसत नेपालको विकासमा गैर आवासीय नेपालीहरुले के कसरी सहयोग गर्न सक्छन भन्ने विषयहरुमा केन्द्रित थिए । सूचना तथा संचारको आजको युगमा विदेशमा रहेको ज्ञान र सीपहरुलाई सो माध्ययम प्रयोगगरी नेपालको विकासकोलागि मद्दत पु-याउन सकिने तर त्यसकालागि चाहिने आधार र प्रकृयाहरु नेपालमा रहेका संघ संस्थाहरुसंग मिलेर तय गर्नुपर्ने कुरामा प्राध्यापक डा. विशाल कुमार सिटौलाले जोड दिनुभएको थियो । गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय समितिको नर्वे प्रतिनिधि डा. सुरज थापाले गत अक्टोबरमा आयोजित तेस्रो ग्लोबल कन्फरेन्सको काठमाडौं घोषणा पत्रले पहिचान गरेका सामाजिक तथा आर्थिक विकासका क्षेत्रहरुबारे प्रकाश पार्नुभयो । त्यसैगरी पुष्पराज तिवारीले भौतिक पूर्वाधार विकासमा संघले खेल्न सक्ने भूमिकाका बारे उल्लेख गर्नुभयो । अर्का वक्ता सुशिल सिटौलाले नेपालमा आर्थिक लगानीका संभावित क्षेत्रहरुबारे र विशेष अतिथि चिरन्जीवि ढकालले गैर आवासीय नेपाली संघलाई नेपाल सरकारले दिएको मान्यता तथा विदेशमा बस्ने नेपालीहरुको अधिकारबारे सभालाई जानकारी दिनुभएको थियो ।

सो अवसरमा तदर्थ समितिद्वारा प्रस्तुत गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद नर्वेको विधानमा दफावार छलफल भई पारित भयो । तत् पश्चात डा. सुरज थापा, डा. भरतमान श्रेष्ठ र बेदमणि दाहाल रहनु भएको निर्वाचन समितिले १५ सदस्यीय कार्यसमितिको पदाधिकारीहरु निर्वाचन गराएको थियो । डा. भरतमान श्रेष्ठ र सूश्री नानी राउतले सञ्चालन गर्नु भएको सो सभाको अन्त्यमा सांस्कृतिक कार्यक्रम तथा रात्रिभोजको आयोजना गरीएको थियो ।

निर्वाचित १५ सदस्यीय कार्यसमितिको पदाधिकारीहरु निम्नानुसार छन ।

१. अध्यक्ष - प्राध्यापक डा. विशाल कुमार सिटौला
२. प्रथम उपाध्यक्ष - चुडामणि लामिछाने
३. द्वितिय उपाध्यक्ष - मरिना अधिकारी
४. महासचिव - सुशिल सिटौला
५. सचिव - कुमार पण्डित
६. कोषाध्यक्ष - नानी राउत
७. सदस्यहरु
   - नयन मल्ल
   - भरत भट्ट
   - पुष्प तिवारी
   - पारश काफ्ले
   - दिवाकर पौडेल
   - शर्मिला श्रेष्ठ
   - तिलक बहादुर पराजुली
   - विराज श्रेष्ठ
   - रोविनलाल श्रेष्ठ

साथै उक्त सभाले ७ जना नेपाली र ७ जना नर्वेजियन व्यक्तित्वहरुको सल्लाहकार समिति पनि निम्नानुसार गठन गरेको छ ।
नेपाली सल्लाहकारहरु
१. प्राध्यापक डा. गणेश आचार्य
२. डा. भरतमान श्रेष्ठ
३. डा. कृष्ण अर्याल
४. डा. हरि ढकाल
५. डा. सुरज थापा
६. लोक सुब्बा
७. जितेन्द्र प्रकाश अर्याल

नर्वेजियन सल्लाहकारहरु

१. प्राध्यापक पेर वेग्गे (Prof. Per Wegge)
२. डा.ग्री सिन्नेभाग (Dr. Gry Synnevaag)
३. प्राध्यापक हाकोन स्टोले (Prof. Haakon Stole)
४. प्राध्यापक हान्स ब्योनेस (Prof. Hans Bjornnes)
५. लार्स क्रिष्चियन लिन्स्टाड (Lars Christian Lindstad)
६. हाराल्ड ओलाभ स्कार (Harald Olav Skar)
७. ब्योन एफ कोर्सभोल्ड (Bjorn F. Korsvold)